# भविष्यवाणीका केही सिद्धान्तहरू



अप्रिल ५, २०२५को निम्ति अध्याय १



“"जसले घमण्ड वा अभिमान गर्छ त्यसले यस विषयमा घमण्ड वा अभिमान गरोस्: ‘म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु,” परमप्रभु भन्नुहुन्छ। यर्मिया ९:२४।

प्रतीक, चिन्ह, बुझ्न कठिन वाक्यहरू, तुलनाहरू र अगमवक्ताको अनौठो काम...यी बाइबलका भविष्यवाणीलाई बुझाउने विषयवस्तुहरू हुन्।



कतिपयले त्यसको अर्थ बुझ्न पनि आँट गर्दैन, र कतिले त अरूले जे भन्छ त्यसैमा सन्तुष्ट हुन्छन्। कतिपयले त एक वा दुई वाक्यहरू लिएर तिनीहरूबाट कपोलकल्पित व्याख्या गर्छन्। तिनीहरूको बाइबलीय आधार हुन्छ भन्ने छैन।

तर जसले भविष्यवाणी पढ्छ र ठीक तरिकाले बुझ्छ त्यो व्यक्ति परमेश्वरको ज्ञानमा बढ्छ र प्रशस्त आशिषहरू पाउँछन्। बाइबलको भविष्यवाणी अध्ययन गर्न र बुझ्न के सिद्धान्त वा नीतिहरू छन्?






- नीति १: ठीक मनस्थितिले पढ्नु.
- नीति २: त्यसको मुख्य विषयवस्तु पत्ता लगाउनु
- नीति ३: बुझेर लाभ उठाउन प्रयास गर्नु
- नीति ४:कुन सन्दर्भमा लेखिएको हो र त्यसको बहुआयमिक अर्थ बुझ्न खोज्नु.
- नीति ५: प्रतीकहरूका अर्थ

# सिद्धान्त वा नीति १: ठीक मनस्थितिले पढ्नु

"त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।" प्रकाश १:३।

भविष्यवाणी पढ्नेले आशिष पाउँछ (प्रकाश १:३)। तर प्रकाश, दानिएल, जकरिया आदिका भविष्यवाणीहरू पढेर थोरैले मात्र आशिष पाएको अनुभव गर्दछन्।

यो किन हुन्छ त? किनभने तिनीहरू ठीक मनस्थितिले पढ्दैनन्। येशू आफैँले भन्नुभएको थियो कि जसले पढ्छ उसले बुझोस् (मत्ती २४:१५)। त्यसको अर्थ हामी बुझ्न सक्षम् छौं, तर त्यो बुझ्न केही शर्तहरू छन्::

भविष्यवाणीले हामीलाई के सिकाउँछ त्यो पालन गर्न राजी हुनुपर्छ (प्रकाश १:३)

तिनीहरूलाई पूरै बुझ्न हामीसँग पर्याप्त ज्ञान छैन भनेर महसुस गर्नुपर्छ, त्यसकारण, त्यसलाई बुझ्न हामी परमेश्वरको ज्ञानमा भरपर्नुपर्छ (मत्ती ११:२५; यर्मिया ९:२३)।



जब हामी भविष्यवाणी पढ्छौं तब हामीले जानेका घट्नाहरूलाई व्याख्या गर्न हाम्रो आफ्नै दृष्टिकोण राख्छौं वा परमेश्वरको आवाजलाई नचिनी अध्ययन गर्नु भविष्यवाणी बुझ्नु ठीक तरिका होइन।

# सिद्धान्त वा नीति २: त्यसको मुख्य विषयवस्तु पत्ता लगाउन खोज्नु

**""तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ।" २ तिमोथी ३:१५।**



परमेश्वरको बारेमा ज्ञान अपार छ भनेर भजनका लेखकले स्वीकारेका थिए। उहाँको ज्ञान अनन्त छ भनेर उनले भनेका थिए (भजन १३९:६:१४७:५)। परमेश्वरका क्रियाकालपहरू खोजतलास गरेर भेट्टाउन सकिँदैन भनेर पावलले हामीलाई बताएका छन्। उहाँको बारेमा अध्ययन गर्न र बुझ्न असम्भव छ भनेर उनले महसुस गरेका थिए (रोमी ११:३३)।

**परमेश्वरको दिमागमा के छ सो बुझ्न हामीलाई असम्भव छ। यो हाम्रो हातले चन्द्रमालाई छुनु जस्तै हो (यशैया ५५:९)।**







**भाग्यवस, परमेश्वरको बारेमा हामीलाई केही बुझाउन उहाँ हाम्रो तहमा ओर्लनुभएको थियो। बाइबल परमेश्वरको वचन हो। साधारण दिमागले पनि परमेश्वरको प्रेम र उहाँले उपलब्ध गराउनुभएको मुक्तिको बुझ्न सक्छ (२ तिमोथी ३:१५)।**

**बाइबलको मुख्य विषयवस्तु नै मुक्तिको योजना हो। भविष्यवाणीहरूमा त्यो विषयहरू समेटिएको छ।**

# सिद्धान्त ३: विज्ञानको प्रयोग

"तर तिमीचाहिँ, हे दानिएल, यस चर्मपत्रका मुट्ठाका वचनहरू अन्तको समयसम्म बन्द गरी मोहोर लगाएर राख। धेरै जना ज्ञान बढ़ाउनलाई यता र उता जानेछन्।" दानिएल १२:४।



**युगको अन्त समयसम्म दानिएललाई उनको पुस्तक मोहर लगाएर बन्द गर्नु वा यसको विषयवस्तुलाई लुकाउनु भनेर आदेश दिएको थियो। ज्ञानको खोजी बढ्नेछ अर्थात् दानिएलको पुस्तकलाई बुझ्न ज्ञानको आवश्यकता छ (दानिएल १२:४)।**

**जब येशू मानव अवतार लिएर आउनुभयो तब त्यो मोहर टुट्न लागेको थियो। दानिएलका कतिपय भविष्यवाणीहरू अहिले बुझ्न सकिन्छ (मत्ती २४:१५)। पछि अरू खोलिएको पुस्तक प्रकाशमा भएका भविष्यवाणीहरू त्यसमा थपिएका थिए (प्रकाश २२:१०)।**



सन १७९८मा सम्राट नेपोलियनले पोपको आधिपत्यलाई समाप्त गरेको थियो। युरोपको इतिहासमा शताब्दीयौंसम्म पोपको आधिपत्यमा राष्ट्रहरू चलेका थिए। दानिएलले गरेका भविष्यवाणीहरू पूरा भएको धेरैले देखेका थिए। परमेश्वरले दानिएलको पुस्तकलाई पूरै खोल्नुभएको थियो। त्यसलाई बुझ्न आवश्यक ज्ञान उपलब्ध गराएको थियो।




**त्यस समयदेखि भविष्यवाणीहरू राम्रोसँग बुझ्न मात्र सकेका थिएनन् अरू विषयवस्तुहरू जस्तै साबथ मानिस मरेपछि के हुन्छ ठीक तरिकाले बुझ्न थालिएको थियो।**

**भविष्यवाणीका लेखकलाई नै यसलाई बुझ्न आवश्यक विज्ञान सोधौं।**

# सिद्धान्त ४: पूर्ण ज्ञान र सन्दर्भ

"तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो।" लूका २४:२७।




**भविष्यवाणीहरू अलग गरेर पढियो भने तिनीहरूका व्याख्या कपोल कल्पित हुन्छ र सत्य अर्थलाई ओझेलोमा पार्दछ।**

**बाइबललाई पूर्णरूपमा अध्ययन गर्नुपर्छ भनेर येशूले हामीलाई सिकाउनु भएको थियो। पूरै बाइबल पढ्नुपर्छ भनेर उहाँले भन्नुभएको हो (लूका २४:२७)।**

**बाइबल वा बाइबलमा उल्लेख गरिएको भविष्यवाणी भाग मात्र पढेर त्यसको निष्कर्ष निकाल्नु बाइबल अध्ययन गर्ने गलत तरिका हो। एउटै विषयको बारेमा सम्बोधन गरिएको बाइबलका अरू भागहरूमा पनि हेरेर तुलना गर्नु उचित बाइबल अध्ययन हो।**



कुन सन्दर्भमा लेखिएको हो सो पनि बुझ्नुपर्छ। बाइबलको पदको वरिपरि त्यस सन्दर्भा के लेखिएको छ, सो पनि हेर्नुपर्छ। त्यो पदको पहिला र पछि के भनेको छ, सो पढ्नुपर्छ। कसले, कहिले र किन लेखिएको हो? त्यसमा पनि ध्यान दिनु जरुरी छ।

**कुन सन्दर्भमा सम्बोधन गरिएको हो त्यसलाई बेवास्ता गर्दा जे पन लाग्यो त्यही व्याख्या गर्न सकिन्छ तर हामीलाई सिकाउन चाहेको सत्य नहुन सक्छ।**



# सिद्धान्त ५: चिन्ह वा प्रतीकहरूका अर्थ

""मेरो दाहिने हातमा तिमीले देखेका यी सात तारा र सुनका यी सात सामदानको रहस्य यो होः सात तारा सात मण्डलीका स्वर्गदूतहरू र सात वटा सामदानचाहिँ सात मण्डलीहरू हुन्।" प्रकाश १:२०।

बाइबलका भविष्यवाणीहरू प्रतीक र चिन्हहरूले भरिएका छन्। केही स्थानहरूमा ती प्रतीकहरूका अर्थ के हो भनेर भविष्यवाणीले नै बताउँछ (दानिएल ८:२०; प्रकाश १:२०)। तर प्रायजसो प्रतीक वा चिन्हहरूका अर्थ खुलाएको हुँदैन।

**तर चिन्ह वा प्रतीकहरू अक्षरस अर्थ लगाउनु निरर्थक हुन्छ। येशूका मुखबाट धारिलो दुई धारे तरवार आइरुहेको हुँदैन (प्रकाश १:१६)।**



**ती प्रतीक वा चिन्हहरू बुझ्न बाइबलका अरू भागहरूमा हेर्नुपर्छ जहाँ ती प्रतीक वा चिन्हरू प्रयोग गरिएका छन्। उदाहरणमा**



**दानिएल ७:७-८मा भयानक पशुका सिङ्गहरूको अर्थ के हो??**

**तिनीहरू राजाहरू हुन् र तिनीहरूका राज्यहरूको प्रतिनिधित्व गर्छ (दानिएल ७:२४; ८:२१)**



**प्रकाश १:१६ अनुसार येशूका मुखबाट निस्किरहेको तरवारको अर्थ के हो??**

**बाइबल (एफिसी ६:१७; हिब्रू ४:१२))**



**प्रकाश १२:१मा उल्लेख गरिएको स्त्री को हुन्?**

**परमेश्वरका विश्वासी जनहरू (एफिसी ५:३१-३२; २ कोरन्थी ११:२)**

**जसले भविष्यवाणीलाई खोजीनिती गरे पढ्छ उसले बुझ्न सक्नेछ भनेर परमेश्वरले निश्चय गर्नुभएको छ।**

“"जतिसुकै महान् बुद्धिजीवी किन नहून अझ बढी आत्मज्ञानको ज्योति पाउन बाइबल निरन्तर रूपमा खोजतलास गरेर पढ्नु आवश्यक छैन भनेर कहिल्यै पनि नसोचूनँ। हामी येशूभक्तहरू भएको हैशियतले व्यक्तिगत रूपमानै भविष्यवाणीका विद्यार्थीहरू हुन् आह्वान गरिएको छ। हामी चनाखो भएर बाइबल अध्ययन गर्नुपर्छ ताकि परमेश्वरले हामीलाई नयाँ आत्मज्ञानको ज्योति चम्काउनुभएको थाहा पाउन सकौं। सत्यको पहिलो झलक हामीले पक्रनुपर्छ। अनि प्रार्थना गरेर बाइबल अध्ययन गऱ्यौं भने स्पष्ट आत्मज्ञानको ज्योति हामी पाउनेछौं। अनि अरूहरूका सामु प्रस्तुत गर्न सक्नेहुन्छौं।

जी. ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ७०८।